# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, भाद्र १३ गते २०१८ साल [अतिरिक्ताङ्क १६


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज बेल्ग्रेडमा हुने राष्ट्राध्यक्ष सम्मेलनमा भाग लिन सवारी हुने भएकोले मौसूफको सवारीसाथ माननीय मन्त्री डा० श्रीतुलसी गिरी पनि जानु हुने हुंदा उहाँको अनुपस्थितिमा उहांले सम्हाल्नु भएको गृह, निर्माण संचार मन्त्रालयको कार्यभार माननीय मन्त्री श्री अनिरुद्धप्रसाद सिंहले र परराष्ट्र मन्त्रालयको कार्यभार माननीय मन्त्री श्री विश्वबन्धु थापाले सम्हाल्नु भएको छ ।

हुकुम बक्से बमोजिम,
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव
राजदरबार,



गोरखापत्र छापाखानामा मुद्रित

406

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर– दफा ३ को प्रतिबन्धात्मक प्रकरण बमोजिम दरखास्त दिने करपोरेशनले देहायका विषयहरूमा मञ्जुरीको कागज नगरेसम्म दफा ३ को खण्ड (ख) मा लेखिएको कामका लागि दफा ८ र त्यसपछिका दफाहरू बमोजिम जग्गा प्राप्त गर्ने कारवाइ चलाइने छैन :–

(क) जग्गा प्राप्त गर्दा लागेको वा लाग्ने भएको खर्च श्री ५ को सरकारलाई दिने,

(ख) खण्ड (क) बमोजिमको खर्च दिएपछि जग्गा करपोरेशनको नाममा नामसारी हुने,

(ग) मजदूर कालिगढहरू बस्ने घर वा निजहरूको सुख सुबिधाको अरू कुनै बनाउने कामको निमित्त भए कहिले सम्ममा र के कस्तो शर्तमा बनी तैयार हुने हो र कायम राखिने हो,

(घ) अरू कुनै बनाउने कामको निमित्त भए सो कहिलेसम्ममा बनी तैयार हुने हो र के कस्तो शर्तमा सर्वसाधारण जनताले उपयोग गर्न पाउने हो,

(४) उपदफा (३) को प्रतिबन्धात्मक प्रकरणमा लेखिए बमोजिम करपोरेशनको कागज भए पछि सो व्यहोरा नेपाल गजेटमा प्रकाशित गरिनेछ र उक्त कागजमा लेखिएका सर्वसाधारणले उपयोग गर्न पाउने विषयका कुराहरू यसै ऐनमा परे सरह मानिनेछ ।

८. जग्गा प्राप्तिको कारवाइ शुरू गर्ने आदेशः दफा ६ र ७ मा लेखिए बमोजिमको रीत पुर्याइसकेपछि श्री ५ को सरकारले तोकिएको अधिकारीलाई जग्गा प्राप्त गर्ने कारवाइ शुरू गर्नु भनी आदेश गर्नसक्नेछ ।

९. तोकिएको अधिकारीले कारवाइ ठहर गर्ने म्यादः सो आदेश पाएपछि तोकिएको अधिकारीले म्याद तोकिएको भए सोही म्यादभित्र र नतोकिएको भए उक्त आदेश पाएका ३ महीनाभित्र तल दफा दफामा लेखिए बमोजिम कारवाइ ठहर गरिसक्नुपर्छ ।

१०. सरोकारवाला व्यक्तिलाई टांस पूर्जी गर्ने : (१) तोकिएको अधिकारीले पहिले सो जग्गामा १, सो जग्गा भएको गाउं मौजामा १, मालको हाकिमको कचहरीमा १, आफ्नो कचहरीमा १ समेत जम्मा ४ ठाउंमा सबैले देख्नेगरी टांस पूर्जी गर्नुपर्छ र जग्गाका दर्तावालालाई जनाउ समेत दिनुपर्छ । सो टांस पूर्जीमा जग्गा सरकारले लिने भएको हुनाले त्यसमा हकदैया भएका र भोग चलन गरिरहेका सबै सरोकारवाला व्यक्ति-

४३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूले टांस भएका १५ दिनभित्र तोकिएको अधिकारी छेउ क्षतिपूर्तिको दरखास्त गर्न आउनु भनी खुलाई लेखिएको हुनुपर्छ ।

(२) सो टांस पूर्जीमा जग्गाको ४ किल्ला, बिगाहा रोपनी अंक, मालपोत लागेको भए त्यसको अंक, माटो किसिम इत्यादि खुलाई लेखिएको हुनुपर्छ हकदैया भएका र भोग चलन गरिरहेका सरोकारवाला व्यक्तिहरूले आफ्नो के कस्तो हकदैया र भोग चलन छ, सो बापत के कति दाम क्षतिपूर्तिको रूपमा पाऊं भन्ने दाबी जिकिर छ र दफा ४ बमोजिम गरिएको नाप नक्शामा कुनै उजूर भए सो समेतको उजुरी र दाबी जिकिर लेखी म्यादभित्र दिन ल्याउनु भन्ने कुराको पनि सो टांस पूर्जीमा उल्लेख हुनुपर्छ ।

(३) उपदफा (१) बमोजिम टांस पूर्जी भएकोमा एकै जग्गाको संबन्धमा दुइ वा सोदेखि बढी व्यक्तिहरूले उक्त जग्गा उपर आफ्नो हकदैया देखाई दाबी गरेमा तोकिएको अधिकारीले त्यस्ता व्यक्तिहरूलाई अदालतमा नालेश उजूर दी आफ्नो हकदैया कायम गरी निस्सा ली दफा १३ (७) मा उल्लेख भएको म्यादभित्र क्षतिपूर्ति लिन आउनु भनी जनाउ दिनुपर्छ ।

११. सरजमीन बुझ्ने बारे: तोकिएको अधिकारीले आवश्यक देखेमा सो जग्गाका हकदैया पुग्नेको अंशियार, ठेक्दार, बन्धकीवाला वा कास्तकारहरू र जग्गाको पछिल्लो ३ सालको कुत तिरो वा मुनाफा बारे सरजमीन बुझ्न हुन्छ ।

१२. तोकिएको अधिकारीले कारवाइ ठहर गर्ने: दफा १० बमोजिम पर्नआएको उजुरीमा तोकिएको अधिकारीले ठाडो कारवाइ गरी देहायका कुराको ठहर गर्नुपर्छ ।

(क) लिने भएका जग्गाको बिगाहा रोपनी यो यति अंकको छ भन्ने ।

(ख) जग्गा लिए बापत यो यति दाम क्षतिपूर्तिका रूपमा दिनुपर्छ वा यो यस ठाउंको यति जग्गा सट्टा दिनुपर्छ र दफा १७ बमोजिम मालपोतको लगत पनि काटिनेमा यो यतिको लगत काटी दिनुपर्छ भन्ने ।

(ग) जग्गामा हकदैया वा भोगचलन भएका बुझिए सम्मका सरोकारवाला व्यक्तिहरूमध्ये कस कसलाई क्षतिपूर्तिको के कति भाग दिनुपर्छ भन्ने ।

तर जग्गामा रु. ५० देखि बढीको मालपोत लागेको लगत काट्नु पर्ने भएमा वा सो अंकदेखि बढी मालपोत लागेको वा लाग्ने जग्गा सट्टा दिनुपर्ने भए वा रु. २००० देखि बढी क्षतिपूर्ति बिगो दिनु पर्ने भएमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिएर मात्र तोकिएको अधिकारीले उक्त ठहर गर्नुपर्छ ।

४३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. दफा १२ बमोजिमको ठहर सरकार छेउ पठाउने र सरकारले क्षतिपूर्तिको अंक र किस्ताबन्दीको दर कायम गर्ने: (१) दफा १२ बमोजिम तोकिएको अधिकारीले ठहर गरीसकेपछि त्यस्तो ठहर सिफारिश सहित श्री ५ को सरकार छेउ पठाउनु पर्छ र श्री ५ को सरकारले सो बारे केही कुरा बुझ्नु परे बुझी सबै कुरा ठहर गरी त्यस्तो जग्गाको क्षतिपूर्ति अंक कायम गर्नुपर्छ र त्यस्तो क्षतिपूर्तिको रकम कति किस्ताबन्दीको दरमा सरोकारवाला व्यक्तिहरूलाई दिने हो, सो समेत निर्णय गरी त्यसको सूचना तोकिएको अधिकारी छेउ पठाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले गरेको निर्णय क्षतिपूर्तिको अंकको संबन्धमा अन्तिम हुनेछ र त्यस्तो निर्णय उपर कुनै अदालतमा अपील उजूर लाग्न सक्दैन।

(३) श्री ५ को सरकारको निर्णय बमोजिम तोकिएको अधिकारीले सरोकारवाला व्यक्तिलाई दफा ३ को खण्ड (क) मा लेखिएको कामका लागि जग्गा लिइने भएकोमा सरकारी कोषबाट र दफा ३ को खण्ड (ख) मा लेखिएको कामका लागि जग्गा लिइने भएकोमा करपोरेशनका कोष वा अरू सम्पत्तिबाट त्यस्तो रकम दिने दिलाउनेछ।

(४) रुजु हाजीर नरहेका सरोकारवाला व्यक्तिहरूलाई तोकिएको अधिकारीले श्री ५ को सरकारले गरेको निर्णयको जनाउ दिनु पर्छ।

(५) यस दफा बमोजिम दिनुपर्ने दाम सो जग्गाको चलन छाड्नु परेको मितिले ३० (तीस) दिन अगावै दिइनेछ।

(६) यस दफा बमोजिम दिइने क्षतिपूर्तिको रकम बुझी नलिएमा तोकिएको अधिकारीले त्यस्तो रकम इलाका माल अड्डामा धरौटी आम्दानी बांधिदिनु पर्छ र त्यसको सूचना सरोकारवाला व्यक्तिलाई दिनुपर्छ र सो बमोजिम सूचना पाएको मितिले ६ (छ) महीनाभित्र पनि त्यस्तो रुपैयांमा हक दावी हुने व्यक्तिले लिन नआएमा त्यस्तो रुपैयां श्री ५ को सरकारको नाममा जम्मा गरिनेछ र ६ (छ) महीना नाघेको मितिले ३५ (पैंतीस) दिनभित्र त्यस्तो रुपैयां बुझी लिन नसकेको सन्तोषजनक कारण देखाउन सकेको अवस्थामा बाहेक उक्त रुपैयाँ त्यस्तो व्यक्तिलाई दिइने छैन, श्री ५ को सरकारको हुनेछ।

(७) यस दफा बमोजिम दिइने क्षतिपूर्तिको रकम प्राप्त गर्ने संबन्धमा दुई वा सो देखि बढी व्यक्तिहरूको बीच झगडा परी ती सबैले उक्त रकम उपर दाबी गरेमा तोकिएको अधिकारीले त्यस्तो रकम इलाका माल अड्डामा धरौटी

४३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आम्दानी बांधी दिनुपर्छ र निजहरूलाई अदालतमा नालेश उजूर दी आफ्नो हकदैया कायम गरी अन्तिम फैसला भएको मितिले ६ (छ) महीनाभित्र निस्सा ली आएको बखत उक्त रकम दिइनेछ भनी जनाउ दिनुपर्छ।

(८) इलाका माल अड्डालाई पनि तोकिएको अधिकारीले कुनै व्यक्तिले त्यस्तो जम्मा गरिएको धरौटी रकमको सम्बन्धमा अदालतमा नालेश उजूर दी आफ्नो हकदैया कायम गरी उपदफा (७) बमोजिमको म्यादभित्र निस्सा ली आएमा त्यस्तो रकम सम्बन्धित व्यक्तिलाई दिनु भनी जनाउ दिनुपर्छ।

(९) यस दफा वा यस ऐनका अरू दफाहरूमा जेसुकै लेखिएको भएतापनि श्री ५ को सरकारले अस्थायी रूपमा केही समयसम्मको लागि कुनै जग्गा प्राप्त गर्दा यस ऐन बमोजिम क्षतिपूर्ति दिन श्री ५ को सरकारलाई कर लाग्नेछैन।

तर त्यस्तो जग्गा ाप्त गर्दा हुन गएको नोक्सानी वापत सरोकारवाला व्यक्तिलाई तोकिएको अधिकारीले मुनासिब माफिकको रकम दिनेछ र त्यस्तो रकम रु. ५०००।– देखि बढी भएमा तोकिएको अधिकारीले श्री ५ को सरकार छेउ उक्त कुरा जाहेर गरी निकासा भए बमोजिम गर्नुपर्छ।

१४. तोकिएको अधिकारीले देवानी अदालतले पाए सरहको अधिकार पाउनेः सरोकारवाला व्यक्तिहरू र निजका साक्षीहरूलाई झिकाउने, बुझ्ने, म्याद तारीख दिने र निजहरूबाट लिखत कागजपत्र दाखिल गराउने बारे यस ऐन बमोजिम कारवाइ गर्ने सम्बन्धमा तोकिएको अधिकारीलाई प्रचलित नेपाल कानून बमोजिम देवानी अदालतले पाए सरहको अधिकार प्राप्त हुनेछ।

१५. तोकिएको अधिकारीले क्षतिपूर्तिको अंक कायम गर्दाकोः क्षतिपूर्तिको अंक कायम गर्दा तोकिएको अधिकारीले दफा १९ र २० बमोजिम गर्नुपर्छ।

१६. कब्जामा लिने अधिकारः दफा १२ बमोजिम ठहर गरेपछि तोकिएको अधिकारीले जग्गा सरकारका तर्फबाट कब्जामा लिन हुन्छर सो भए गरेका मितिदेखि उक्त जग्गामा कसैको कुनै कुराको हकदैया कायम नरही जग्गा श्री ५ को सरकारको हुनेछ।

१७. लगत कट्टा गर्नेः दफा १६ अन्तर्गत कुनै जग्गा श्री ५ को सरकारको हुने भैसकेपछि दफा ३ को खण्ड (क) बमोजिमको कामका लागि लिइएको भए सो जग्गाको मालपोतको लगत काटिनेछ र दफा ३ को खण्ड (ख) मा लेखिएको कामका लागि लिइएकोमा मालपोतको लगत काटिने छैन सो जग्गा करपोरेशनका नाउंमा नामसारी गरी दिई त्यसमा लागेको मालपोत वा अरू कुनै कर इत्यादि सो करपोरेशनले ब्यहोर्नु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. जरूरी परेका अवस्थामा विशेष अधिकार: (१) जरूरी परेको अवस्थामा दफा १० को उपदफा (१) मा लेखिएको टांस पूर्जी भएका १५ दिनपछि तोकिएको अधिकारीले श्री ५ को सरकारको आदेश भएमा दफा १२ मा उल्लेख भए बमोजिमको ठहर भई नसक्दै पनि कुनै पर्ति वा आवाद जग्गा कब्जामा लिन हुन्छ।

(२) नदीको धार यकायक बदलिएर वा अरू कुनै दैवी परी विशेष परिस्थितिले गर्दा सवारीको आवत जावत चालू राख्न वा सञ्चारको आवश्यक साधन कायम राख्नका निमित्त कुनै पर्ति वा आवाद जग्गा तुरून्त चाहिने भएमा उपदफा (१) मा उल्लेख भएको टांस पूर्जी गरी र श्री ५ को सरकारको स्वीकृति लिई तोकिएको अधिकारीले तुरून्त सो जग्गा कब्जामा लिन हुन्छ।

(३) उपदफा (१) वा (२) बमोजिम जग्गा कब्जामा लिएका मितिदेखि उक्त जग्गामा कसैको कुनै कुराको हकदैया कायम नरही जग्गा श्री ५ को सरकारको हुनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम जग्गा कब्जामा लिंदा त्यहां भएको खडाबाली र रूख र दफा २० मा उल्लेख भएको बाहेक अरू कुनै नोक्सानी वापत सरजमीन बुझी मनासिब माफिकको बिगो सरोकारवाला व्यक्तिहरूलाई तोकिएको अधिकारीले सरकारी तहबीलबाट दिएर मात्र कब्जामा लिन हुन्छ। सो नोक्सानी बिगो लिनमा बेमञ्जूर भए यस ऐन बमोजिम तोकिएको अधिकारीले जग्गाको क्षतिपूर्ति दिने ठहर सो नोक्सानी वापतको बिगो समेत गाभी दिनेगरी ठहर गर्नुपर्छ। बेमञ्जूर हुंदैमा जग्गा कब्जामा लिन भने तोकिएको अधिकारीलाई अड्काउ हुनेछैन।

(५) श्री ५ को सरकारको विचारमा उपदफा (१) वा (२) बमोजिम लिनुपर्ने ठहरेका जग्गाका हकमा दफा ६ लागू हुनेछैन भनी श्री ५ को सरकारले आदेश गर्न हुन्छ, त्यस्तो आदेश गर्दा दफा ४ को उपदफा (१) अन्तर्गत श्री ५ को सरकारले प्रारम्भिक कारवाइ गरी रिपोर्ट पेश गर्नको निमित्त अफिसर नियुक्त गरिसकेपछि जुनसुकै बखत नेपाल गजेटमा सूचना प्रकाशित गरी गर्न हुन्छ।

## परिच्छेद– ३

### क्षतिपूर्तिको अंक कायम गर्दा विचार राख्नु वा नराख्नुपर्ने कुरा

१९. क्षतिपूर्तिको अंक कायम गर्दा विचार राख्नुपर्ने कुरा: यस ऐन बमोजिम लिएको जग्गा वापत पाउनु पर्ने क्षतिपूर्तिको अंक कायम गर्दा श्री ५ को सरकारले देहायका कुराको विचार राख्नु पर्छः–

(क) दफा ४ अन्तर्गत टांस पूर्जी गर्दा त्यस्तो मितिमा हुनसक्ने त्यस्तो जग्गाको उचित र मुनासिब माफिकको मोल।

४३८.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) तोकिएको अधिकारीले जग्गा कब्जामा लिंदाको बखत सो जग्गामा भएको खडाबाली वा रूख समेत लिएको भए सरोकारवाला व्यक्तिले त्यसको व्यहोर्नु परेको नोक्सानी ।

(ग) तोकिएको अधिकारीले जग्गा लिएबाट सरोकारवाला व्यक्तिलाई आफ्नो बसोबास वा कारोबारको ठाउं छाडी अन्त जान कर लागेकोमा व्यहोर्नु परेको मनासिब माफिकको खर्च ।

२०. क्षतिपूर्तिको अंक कायम गर्दा विचार नराख्नु पर्ने कुरा: श्री ५ को सरकारले क्षतिपूर्तिको अंक कायम गर्दा देहायका कुराको विचार राख्नु पर्दैन:–

(क) जग्गा लिन जरूरी परेको व्यहोरा,

(ख) सरोकारवाला व्यक्तिले जग्गा छाड्न नचाहेको कुरा,

(ग) कुनै गैरसरकारी व्यक्तिले केही गर्दा नोक्सानी भएमा निजका नाउंमा कानूनले नालेश लाग्न नसक्ने किसिमको श्री ५ को सरकारबाट जग्गा लिंदा भएको नोक्सानी ।

(घ) जुन काममा श्री ५ को सरकारले वा करपोरेशनले जग्गा लगाउने भएको छ, त्यसले गर्दा दफा ७ अन्तर्गत सूचना भएको मिति पछि सो जग्गामा हुने सम्भव भएको नोक्सानी ।

(ङ) श्री ५ को सरकारले वा करपोरेशनले जग्गा लिई जुन काममा लगाउने भएको छ, त्यसबाट सो जग्गाको मोल बढ्ने सम्भव भएकोमा सम्भव भएको बढ ।

(च) जुन काममा श्री ५ को सरकारले वा करपोरेशनले जग्गा लगाउने भएको छ, त्यसले गर्दा सरोकारवालाको अरू जग्गाको मोल बढ्ने सम्भव भएकोमा सो सम्भव भएको बढ ।

(छ) दफा ४ को उपदफा (२) अन्तर्गत टांस पूर्जी भएका मितिपछि तोकिएको अधिकारीको इजाजत बेगर उक्त जग्गामा लगाएको पूंजी, गरेको सुधार कार्य वा अरू कुनै कारवाइको खर्च ।

## परिच्छेद– ४

### विविध

२१. जग्गा प्राप्तिको कारवाइमा बाधा पुऱ्याउनेलाई सजाय गर्ने: यस ऐन अन्तर्गत गर्नपाउने कुनै काम गर्दा कुनै व्यक्तिले जानी जानी रोक छेक गरेको वा दफा ४ अन्तर्गत बनाइएको डाइ वा निशाना जानी जानी पुरी भत्काई, बिगारी वा हटाई दिएक

४११

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फौज्दारी अदालतबाट ठाडो कारवाइ गरी ठहरेमा त्यस्ता व्यक्तिलाई १ महीनासम्म कैद वा ५० रुपैयां सम्म जरीवाना वा दुबै सजाय हुनेछ ।

२२. जग्गा कब्जामा लिंदा आवश्यक भएमा बल प्रयोग गर्नेः यस ऐन बमोजिम अख्तियार पाएकोले कारवाइ गर्दा वा जग्गा कब्जामा लिंदा कसैले विरोध गरेमा वा बाधा पुर्‍याएमा आवश्यक बल प्रयोग गरी कारवाइ गर्न वा जग्गा कब्जामा लिन हुन्छ ।

२३. जग्गा लिने कारवाइ थाम्न हुने र सो भएमा क्षतिपूर्ति गर्नेः (१) जग्गा कब्जामा लिई नसकेसम्म केही कारणले श्री ५ को सरकारले जग्गा नलिने गरी कारवाइ थाम्न हुन्छ ।

(२) श्री ५ को सरकारले जग्गा नलिने गरी कारवाइ थामेबाट नोक्सानी हुन गएको रहेछ भने तोकिएको अधिकारीले नोक्सानी बिगोको ठहर गरी सरोकारवाला व्यक्तिहरूलाई सरकारी तहबीलबाट दिनुपर्छ ।

(३) यस दफा अन्तर्गत नोक्सानी बिगो ठहर गर्ने कुरामा समेत परिच्छेद २ र ३ लागू हुनेछ ।

२४. घरको केही भाग लिंदाकोः यस ऐन बमोजिम जग्गाका साथ घरको केही भाग समेत लिने कारवाइ गर्दा सो घरका धनीले पूरै घर श्री ५ को सरकारबाट लिइयोस् भनी निवेदन गरेमा उक्त घरको केही भाग मात्र लिने गर्न हुंदैन, पूरै घर यस ऐन बमोजिम गरी लिनु पर्छ ।

२५. करपोरेशनले सबूद प्रमाण पेश गर्न पाउने बारेः यस ऐन बमोजिम दफा ३ को खण्ड (ख) मा लेखिएको कामका लागि जग्गा लिने कारवाइ हुंदा करपोरेशनका प्रतिनिधिले तोकिएको अधिकारीका समक्ष उपस्थित भई क्षतिपूर्तिको अंक कायम गर्ने कुरामा सबूद प्रमाण पेश गर्न हुन्छ ।

२६. ठाडो कारवाइको स्पष्टीकरणः यस ऐनमा ठाउं ठाउंमा ठाडो कारवाइ गर्ने भन्ने लेखिएकोमा अनिवार्य कारणले बाहेक अर्जी खबर गर्न नपाउने गरी कारवाइ गर्ने गर्नुपर्छ ।

२७. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले यस ऐनमा विरोध बाधा नपारी समय समयमा नियम बनाउन सक्नेछ ।

(२) ती नियम नेपाल गजेटमा प्रकाशित भएपछि मात्र लागू हुनेछ ।

२८. अघिको नेपाल कानून लागू नहुनेबारेः यो ऐन प्रारम्भ भएपछि यस ऐनमा वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका विषयमा अनुसूचीमा उल्लेख भएको नेपाल कानून लागू हुनेछैन ।

750

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

## अनुसूची

| क्रम संख्या । | नेपाल कानून | । कति जति लागू नहुने हो |
|---|---|---|
| १ । | मुलुकी ऐन जग्गा जमीन गोस्वाराको— | । ५ नं. |
| २ । | मुलुकी ऐन साहू असामीको— | । ४० नं. |
| ३ । | मुलुकी सवाल जग्गा जमीन बारेको | । १५ र १६ दफा |

लालमोहर सदर मितिः २०१८।५।८।५ मा

आज्ञाले—
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह–सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय ।

२०१

गोरखापत्र छापाखानामा मुद्रित.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

402

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।